फोन नं.-०५५-५४०२००

# चन्द्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर, रौतहट

मधेश प्रदेश,नेपाल ।

पत्र संख्या:- ०७९।०८०

चलानी नं.:- ८२९

मिति: २०७९।०६।२८

श्री सबै वडा कार्यालय,
चन्द्रपुर नगरपालिका, रौतहट ।

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
मधेश प्रदेश, नेपाल

**विषय:- योजना पठाइदिने सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा चन्द्रपुर नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउन आ.व. २०७९।०८० का लागि रोजगारमूलक योजना मिति २०७९।०३।०३ मा नगर सभामा पेश गर्ने गरी माग गरिएको तर हाल सम्म योजना प्राप्त हुन नआएकोले ७ दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी कामका लागि पारिश्रमिकमा आधारित सामुदायकि आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ अनुसारका योजना पेश गर्नु हुन अनुरोध छ ।

...............................
(हरिलाल पुरी)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सूचना प्रविधि अधिकृत, वेवसाइडमा अपलोड तथा सबै वडा कार्यालयमा इमेल गरिदिनुहुन ।



Scanned with CamScanner

(छ) "सामुदायिक आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रम प्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक रोजगारमूलक आयोजनालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## रोजगारमूलक आयोजनाको प्रकृति

३. **आयोजनाको प्रकृतिः** स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम कामका लागि पारिश्रमिकमा आधारित देहायका प्रकृतिका रोजगार आयोजना सञ्चालन गर्न सक्नेछः

(क) **सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनाः** सूचिकृत बेरोजगार व्यक्तिलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित निर्माण कार्य (क्यास पर कन्सट्रक्सन वर्क) सँग सम्बन्धित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) **सार्वजनिक पूर्वाधार मर्मत सम्भारमा रोजगारमूलक आयोजनाः** स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने (क्यास फर मेन्टेनेन्स वर्क) गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन ।

(ग) **श्रमिकको ज्याला रकममा साझेदारी आयोजना :** सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजनामा सूचिकृत बेरोजगारलाई संलग्न गराइ सोको लागि आवश्यक ज्याला बापतको रकममा यस कार्यक्रमको पूर्ण वा आंशिक साझेदारी (लेवर वेज सेयरिङ्ग) गरिने आयोजनाको सञ्चालन ।

(घ) **अन्य सार्वजनिक क्षेत्रका आयोजना :** सार्वजनिक रोजगारदाताले सञ्चालन गरेका निर्माण तथा अन्य कार्यमा श्रमिक माग भएमा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार खटाई सञ्चालन हुने आयोजना ।

## परिच्छेद ३

## आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया

४. **आयोजना तर्जुमाः** (१) स्थानीय तहले यस कार्यक्रमको लागि वार्षिक योजना तर्जुमा गर्दा देहायका श्रममूलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनु पर्नेछ :-



Scanned with CamScanner

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने ।

(२) उपदफा (१) बमोजिम सामुदायिक आयोजना छनौट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरी छनौट गर्नु पर्नेछः-

(क) सडक निर्माण तथा मर्मत सम्भार

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार .

(ङ) शिक्षा



Scanned with CamScanner

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार

- फलफूलको बिरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

(३) उपदफा (२) बमोजिमको श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरी आयोजना बैंक (प्रोजेक्ट बैङ्क) तयार गर्नु पर्नेछ र यसरी स्वीकृत भई आयोजना बैंकमा रहेका आयोजनाहरुबाट प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिको संख्याको आधारमा कार्यपालिकाको निर्णयानुसार आयोजना सञ्चालन गर्नुपर्नेछ ।

तर कार्यक्रमबाट प्राप्त भएको बजेटलाई स्थानीय तहको वडाको संख्याका आधारमा दामासाहीले (समानरुपमा) वितरण गर्ने गरी बजेटको विनियोजन तथा सो अनुसार आयोजना कार्यान्वयनका लागि प्राथमिकताक्रम निर्धारण गर्न पाइने छैन ।

(४) समान उद्देश्य प्राप्तिका लागि अन्य सरकारी निकाय वा गैर सरकारी वा समुदायमा आधारित संस्थाबाट आयोजना सञ्चालन हुने अवस्थामा आयोजनामा दोहोरो नपर्ने गरी लागत साझेदारीको अंश स्पष्ट खुलाइ सहकार्य गर्नु पर्नेछ ।

५. <u>रोजगारीमा खटाउन आयोजनाको प्राथमिकिकरण:</u>(१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलव्ध हुने गरी दफा ४ बमोजिमका आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना प्राथिमिकिकरण गर्दा साझेदारीमा सञ्चालन हुने दफा ३ को खण्ड (ग) का आयोजनालाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमश: तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्नेछ ।



Scanned with CamScanner

**आयोजनाको ढाँचा:** (१) आयोजनाका लाभग्राहीहरूलाई रोजगारीमा संलग्न गराउन देहाय बमोजिमको क्षेत्रमा सार्वजनिक पूर्वाधार मर्मत, सम्भार तथा सुधारसम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछ :

(क) सडक मर्मत सम्भार:-

- स्थानीय तह भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको मर्मत सम्भार ।

(ख) कृषि तथा सिंचाई:-

- सिंचाई कुलो तथा पैनीको मर्मत सम्भार,
- पोखरी तथा पानीको मूल संरक्षण एवम् मर्मत सम्भार,
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार तथा तरकारी तथा फलफूल संकलन तथा बिक्री केन्द्रको मर्मत सम्भार ।

(ग) ग्रामिण खानेपानी:-

- खानेपानी आयोजनाहरुको मर्मत सम्भार ।

(घ) स्वास्थ्य तथा सरसफाई:-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृहको मर्मत सम्भार,
- सार्वजनिक शौचालयको मर्मत,
- फोहोर व्यवस्थापनका पूर्वाधारको मर्मत सम्भार ।

(घ) शिक्षा:-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदानको मर्मत सम्भार ।

(ङ) वन तथा जलाधार संरक्षण:-

- फलफुलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण,
- पहिरो तथा वाढी नियन्त्रण तथा सो को पूर्वाधारको मर्मत,
- साना बाँधको मर्मत सम्भार ।

(च) पर्यटन:-

- पदमार्ग, पर्यटकीय क्षेत्र तथा सार्वजनिक स्थलहरुको मर्मत,

(२) आयोजनाबाट देहायका सार्वजनिक सेवाका कार्यहरु समेत कार्यान्वयन गर्न सकिनेछ:

(क) बालबालिका तथा जेष्ठ नागरिक स्याहारसम्बन्धी सेवा,

(ख) खेलकुद क्रियाकलापसम्बन्धी सेवा,



Scanned with CamScanner

(ग) बालबालिकाको प्रारम्भिक शिक्षासम्बन्धी सेवा,

(घ) स्थानीय तहमा गरिने विभिन्न अभियान तथा सचेतनाका क्रियाकलापहरू ।

(३) आयोजनाको वित्तीय श्रोतबाट देहायका क्रियाकलापहरु कार्यान्वयन गर्न सकिनेछैनः-

(क) उपदफा (१) र (२) मा उल्लेख गरिएको भन्दा फरक ढाँचाको तथा स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश नभएका आयोजना,

(ख) भूमि अधिग्रहण तथा पुनर्वास आवश्यक पर्ने आयोजना,

(ग) पुरातात्विक महत्वका सम्पदालाई नकारात्मक प्रभाव पार्ने आयोजना,

(घ) संरक्षित क्षेत्र तथा वातावरणीय जोखिमा रहेका आयोजना,

(ङ) भुस्खलन हुन सक्ने, जैविक विविधतामा ह्रास ल्याउने, खानेपानीको गुणस्तर तथा परिमाणलाई घटाउने तथा वातावरणलाई नकारात्मक प्रभाव पार्ने आयोजना,

(च) मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा जोखिम सिर्जना गर्ने, र

(छ) यस कार्यविधिको परिच्छेद १५ बमोजिमको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाले कार्यान्वयन योग्य नरहेको भनी निर्क्योल गरेका आयोजना ।

३०. **आयोजनाको तर्जुमा**: (१) स्थानीय तहले स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को प्रक्रिया अवलम्वन गरी यस आयोजनाको लागि रोजगार आयोजनाहरूको तर्जुमा गर्नु पर्नेछ ।

(२) रोजगार सेवा केन्द्रले यस आयोजना मार्फत कार्यान्वयन गरिने आयोजनाको ढाँचा तथा प्रकृतिका सम्बन्धमा वडा समितिलाइ अभिमुखीकरण दिनु पर्नेछ ।

(३) रोजगार सेवा केन्द्रले यस आयोजना मार्फत कार्यान्वयन गरिने आयोजनाहरुको छनौटका लागि वडा समितिमा आवश्यक भूमिका निर्वाह गर्नु पर्नेछ ।

(४) वडा समितिबाट प्राप्त रोजगार आयोजनाहरु यस आयोजनाको मापदण्ड पुरा गरेको सुनिश्चित गरी सोको सूची स्थानीय निर्देशक समिति मार्फत गाउँ/नगर कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

३१. **आयोजनाको स्वीकृति**: स्थानीय तहले देहायको आधारमा आयोजनाहरु छनौट गरी वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी स्वीकृति भएको हुनु पर्नेछः-

(क) आयोजना श्रम प्रधान हुनु पर्ने,

(ख) सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुर्याउने,

(ग) लाभग्राहीहरूको लागि सामान्यतः एक घण्टाको पैदल दूरी भन्दा कम समयमा पुग्न सकिने कार्यस्थल भएको आयोजना ।

३२. **रोजगारीमा खटाउने**: (१) स्थानीय तहले वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनामा यस आयोजनाको लागि छनौट भएका सूचिकृत बेरोजगारहरूलाई रोजगारीमा खटाउनु पर्नेछ ।



Scanned with CamScanner